# 'एटीएम' पेट्रोलपम्प खोल्ने साझाको योजना

## महानगरपालिकाले किन्यो १० हजार कित्ता सेयर

रविन्द्र घिमिरे

1
प्रतिक्रिया




सांकेतिक तस्वीर

१६ मंसिर, काठमाडौं । साझाका पेट्रोल पम्पलाई आधुनिकीकरण गर्ने योजना अघि सारिएको छ । यसका लागि काठमाडौं महानगरपालिकाले साझा पेट्रोलपम्पको १० हजार कित्ता सयेर किनेको छ ।

पेट्रोपम्पसहित साझा सेवा सहकारीका सेवालाई आधुनिक सुविधासम्पन्न महानगरपालिकाले १० हजार कित्ता सेयर किनेको हो ।

महानगरपालिकाको लगानी पछि साझा पेट्रोल पम्पलाई अत्याधुनिक सुविधासहितको बनाउन काम थालिने भएको छ । पम्पमा पेट्रोलियम पदार्थ पनि एटिएम प्रविधिबाट किन्न सकिने गरी सेवा थाल्ने योजना बनाइएको छ ।

काठमाडौंका उपभोक्तालाई थप सरल र सहज रुपमा सेवा प्रदान गर्न सकियोस् भन्ने उद्देश्यले साझा सेवाको १० लाख रुपैयाँ बराबरको सेयर किन्ने सम्झौता भएको काठमाडौं महानगरपालिका प्रमुख कार्यकारी रुद्रसिंह तामाङले अनलाइनखबरलाई जानकारी दिए ।